**प्राज्ञिक विमर्श**, **वर्ष** ७, **अङ्क**, १३, २०८२ **वैशाख**, ISSN 2676–1297

# वाक्यको विवक्षा

❋कलावती रूपाखेती
**kalasharma013@gmail.com**

**अध्ययनसार**

पदावली भन्दा ठूलो र सङ्कथनभन्दा सानो भाषिक एकाइ वाक्य हो। वाक्य संरचनामा एकाधिक उपवाक्यहरू आएका हुन्छन् । वाक्यले एउटा पूरा कुरा बुझाएर श्रोतालाई सन्तुष्टि गराउँछ । भाषाविज्ञानमा वाक्यको गठन प्रक्रियामा वर्णात्मक, तुलनात्मक तथा ऐतिहासिक दृष्टिबाट हेरिन्छ । वाक्यविज्ञानका सम्बन्धमा भाषामा प्रयुक्त विभिन्न पदको परस्पर सम्बन्ध विचार गरिन्छ । वाक्यको स्वरूप, परिभाषा, वाक्यको रचना, वाक्यको तत्त्व, वाक्यमा पद-विन्यास, वाक्यका प्रकार आदि वाक्यविज्ञानमा सम्बद्ध सबै तत्त्वको विवेचन गरिन्छ। वाक्यलाई सार्थक शब्दहरूको समूह मानिन्छ र यो आफैंमा पूर्ण हुन्छ। यसलाई कोश तथा व्याकरणमा पनि यसै अर्थमा पभाषित गरिएको छ । भारतमा इ.पू. १५० मा पतञ्जलिले यसको प्रयोग गरेको देखिन्छ भने युरोपमा इ.पू. पहिलो शताब्दीमा डायोनियस थ्य्राक्सले अर्थको प्रतीति गराउने शब्द समूहलाई वाक्य मानेका छन् । वाक्य भाषाको एकाइ हो । हामी सोच्न, सम्मान बोल्नु वा कुनै पनि भाव सम्प्रेषण वाक्यबाट नै गर्दछौँ : यस स्थितिमा वाक्य पद वा शब्द समुह हो । पद वा शब्द वाक्यको कृत्रिम खण्ड हो भन्नु समीचीन ठहरिन्छ। भाषाको लघुतम पूर्ण सार्थक एकाइलाई वाक्य भनिन्छ। वाक्यमा प्रयुक्त शब्दले एक अर्कामा अपेक्षा गर्दछन् । कर्तामा कर्म र क्रियाको अपेक्षा रहन्छ। वाक्यमा प्रयुक्त पद क्रमबद्ध रूपमा उच्चरित हुनु समीपताको अभिप्राय हो । वाक्यका आवश्यक गुणहरूमा चयन क्रम, ध्वनि परिवर्तन र स्वर परिवर्तनलाई लिइन्छ। त्यस्तै वाक्य र पदक्रम पनि वाक्यका उल्लेखनीय तत्त्व मानिन्छ।

**प्रमुख शब्दावली** : आकाङ्क्षा, योग्यता, सन्निधि, अन्वय, पदक्रम ।

**विषयपरिचय**

वाक्य व्याकरणको एउटा पक्ष हो । वाक्यका सम्बन्धमा अध्ययन गर्ने र त्यसका आवश्यक अङ्क प्रत्याङ्कको साङ्गोपाङ्ग विश्लेषण गर्ने परिपाटी बसे तापनि यसलाई विस्तृत रूपमा चर्चा परिचर्चा गरेको पाइँदैन भाषिक रूपमा वाक्यलाई कामटारा र झाराटारा रूपमा व्याख्या विश्लेषण गर्ने गरिन्छ। वाक्यात्मक संरचनामा व्यावहारिक रूपमा व्याख्या विश्लेषण गरिएकोले यो अध्ययन स्वतः व्यवस्थित र सुगम बनेको छ। कुनै पनि भाषालाई व्याकरणले सुव्यवस्थित पार्ने गर्दछ। प्रस्तुत लेखमा भाषामा वाक्यको उपयोग विषयलाई आधार मानी पूर्वीय-पाश्चात्य वाक्य ढाँचाको छनोट गरी त्यसमा प्रयुक्त वाक्यमा उपयुक्त अङ्ग-प्रत्यङ्गको पहिचान गरी तिनको परिचय प्रयोग प्रक्रियासम्बन्धी वर्णन र विश्लेषण गरिएको छ। त्यसक्रममा गुणात्मक तथा परिणात्मक दुवै प्रक्रिया ढाँचा एवम् आगमन, निगमन विधिको प्रयोग गरिएको छ। वाक्यका घटकहरूको विश्लेषणका क्रममा सम्बद्ध विषयका पुस्तकबाट तथ्य ग्रहण गरी अध्ययनबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ। तिनको व्याख्या तलका प्रकरणमा गरिएको छ।

**वाक्यात्मक घटकको विश्लेषण**

१. **वाक्यको परिचयः**

पदावलीभन्दा ठूलो सङ्कथनभन्दा सानो भाषिक एकाइलाई वाक्य भनिन्छ। वाक्यको संरचनामा एक वा एकभन्दा बढी उपवाक्यहरू आएका हुन्छन् । यस्ता वाक्यले कथनको एक अंशलाई पूरा गराउँछन् । त्यसैले एउटा पूरा कुरा बुझाउने भाषाको सबैभन्दा माथिल्लो एकाइलाई वाक्य भन्ने गरिएको छ। भाषाविज्ञानमा वाक्य गठन प्रक्रियालाई वर्णनात्मक, तुलनात्मक (व्यतिरेकी) र ऐतिहासिक दृष्टिबाट हेरिन्छ।

वाक्यविज्ञानमा भाषामा प्रयुक्त विभिन्न पदको परस्पर सम्बन्धमा विचार गरिन्छ। अतएव वाक्यविज्ञानमा लिखित विषयहरू समावेश हुन्छन् । वाक्यको स्वरूप, वाक्यको परिभाषा, वाक्यको रचना, वाक्यको अनिवार्य

❋ **लेखक त्रि.विअन्तर्गत त्रिचन्द्र बहुमुखी क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ ।**

तत्त्व, वाक्यमा पद-विन्यास, वाक्यको प्रकार, वाक्यको विभाग, निकटघटक अवयव, वाक्य परिवर्तन, परिवर्तनका दिशाहरू, परिवर्तका कारण आदि यसप्रकार वाक्य विज्ञानमा वाक्यसँग सम्बद्ध सबै तत्त्वको विवेचना गरिन्छ (द्विवेदी, १९९४, पृ. ३१७)। वाक्यलाई सार्थक शब्दको समूह भनिन्छ, जुन भाव व्यक्त गर्ने दृष्टिले आफैमा पूर्ण हुन्छ। कोश तथा व्याकरणमा पनि यसै प्रकारको परिभाषा पाइन्छ। युरोपमा यस प्रकारको प्रयास लगभग इ.पू. पहिलो शताब्दीको डायोनिसियस श्रधाक्स र भारतमा लगभग १५० इ.पू. मा पतञ्जलिको नाम लिन सकिन्छ। यी दुवै आचार्यहरूले पूर्ण अर्थको प्रतीति गराउने शब्द समूहलाई वाक्य मानेका छन् (शर्मा, सन् २००९,पृ. २४४)। यस्तो परिभाषा वाक्यलाई सम्झन र सम्झाउन ठीक छ।

थोरै ध्यान दिने हो भने यसलाई ठीक मान्न सकिँदैन। केही समय चिन्तन गर्ने हो भने भाषामा वाक्य नै प्रधान छ। वाक्य भाषाको एकाइ हो। व्याकरण वेत्ताहरूले कृत्रिम रूपमा वाक्यलाई तोडेर शब्दलाई अलग-अलग गरेका छन्। हामी सोच्न, सम्झन, बोल्न वा कुनै पनि भावलाई दृश्यङ्गम गर्न सम्पूर्ण काम वाक्यबाट नै गर्छौं, यस स्थितिमा वाक्य पद वा शब्दको समूह हो पद वा शब्द वाक्यको कृत्रिम खण्ड हो भन्नु समुचीन ठहरिन्छ (तिवारी, सन् १९९२पृ. २०७)।

भाषाको लघुतम पूर्ण सार्थक एकाइलाई वाक्य भनिन्छ अर्थात् पूर्ण अर्थबोधक सार्थक लघुतम एकाइलाई वाक्य भनिन्छ। अर्थात् पूर्ण अर्थबोधक सार्थक लघुतम एकाइलाई वाक्य भनिन्छ। यो भाषण वा विचार धाराको एक अङ्ग हुन्छ। कुनै पनि वाक्यको तात्त्विक रूपले अर्थ बताउन सक्दैन। यो विचारधाराको एउटा अंश हुन्छ। पूरा भाषण वा पूरा ग्रन्थ नै पूर्ण अर्थको बोधक हुन्छ। त्यसलाई महावाक्य भनिन्छ। वाक्य त्यसको अङ्क हुन्छ। पतञ्जलिले वाक्यको सत्ताका साथै महावाक्यको पनि सत्ता मानेका छन् (महाभाष्य २-२-१)।

## २. वाक्यको अनिवार्य तत्त्व

अभिहितवादी आचार्य कुमारिल भट्ट आदिले वाक्य तीन तत्वलाई अनिवार्य मानेका छन्। ती यस प्रकार छन् -१ आकाङ्क्षा २. योग्यता ३. आसत्ति यसलाई विश्वनाथले साहित्य दर्पणमा निम्नलिखित रूपमा प्रस्तुत गरेका छन् :- वाक्य स्याद् योग्यताकांक्षासत्तियुक्त पदोच्चय (सा.द. २.१) यिनको विवरण तल सङ्क्षिप्त रूपमा दिइन्छ : ध्यानबाट, खेलबाट शुद्धताबाट कहाँ भेट्ने ? (पृ. ५५) योगवाशिष्ठ दर्शनले प्रतिपादन गरेको "ब्रह्म सत्यं, जगत मिथ्या" को भावलाई कविले यहाँ पर्गेलेका छन्।

### २.१ आकाङ्क्षा :

आकाङ्क्षाको अर्थ जान्ने इच्छा हो। वाक्यमा प्रयुक्त शब्दको एक अर्कामा अपेक्षा गर्दछन्। कर्तालाई कर्म र क्रियाको अपेक्षा रहन्छ। कर्मलाई कर्म र क्रियाको अपेक्षा रहन्छ। कर्मलाई कर्ता एवं क्रियाको तथा क्रियालाई कर्ता एवं कर्मको अपेक्षालाई जिज्ञासा पनि भनिन्छ। यिनै अपेक्षा वा जिज्ञासा पूर्ति हुने पदबाट नै वाक्य बन्दछ। आकांक्षाको पूर्तिविना वाक्य अपूर्ण रहन्छ। आकाङ्क्षाताका कारण वाक्यमा पद परस्पर सम्बद्ध (Interrelated) रहन्छन् (द्विवेदी, सन् १९९४,पृ.३२२) केवल गीता भन्नासाथ वाक्य पूरा हुँदैन। अब उसले के गर्छ भन्ने जिज्ञासा रहन्छ। पढ्छे भन्नसाथ जिज्ञासा हुन्छ के पढ्छे ? यसरी नै पुस्तक भन्नासाथ पनि वाक्य पूरा हुँदैन। पुस्तकको के हुन्छ ? गीता पुस्तक पढ्छे परस्पर आकाङ्क्षायुक्त छन् - अतः वाक्य पूरा भयो। आकांक्षाद्वारा श्रोताको जिज्ञासा पूर्ति भयो। साकांक्षापदबाट नै वाक्य बन्दछ। आकाङ्क्षारहित पदबाट वाक्य बन्दैन।

### २.२ योग्यताः

योग्यताको अर्थ हो पदहरूको पारस्पारिक सम्बन्धको योग्यता वा क्षमता अर्थात् पदद्वारा जुन अर्थ भनिएको छ त्यसलाई क्रियात्मक रूप दिने योग्यता वा क्षमता हुनु पर्दछ। यसको अभिप्राय यो हो कि पदहरूको अन्वयमा कुनै बाधा नआओस् (द्विवेदी, सन् १९९४,पृ. ३२२) पदको अन्वयमा दुई प्रकारले बाधा पर्दछ -

(क) अर्थमूलक बाधा वा अयोग्यता : कुनै वाक्य व्याकरणका दृष्टिले ठीक भए पनि अर्थ वा प्रतीतिका दृष्टिले अयोग्य वा अनुपयुक्त भए त्यो वाक्य हुँदैन। जस्तै : स बन्हिना सिति, स बायुना लिखति न आगोबाट सिच्न सकिन्छ न हावाबाट लेख्न सकिन्छ। अतः यी दुवै वाक्य व्याकरणका दृष्टिले शुद्ध भएर पनि अर्थका दृष्टिले अयोग्य छन्। अतः वाक्य हैनन्। यहाँ अर्थका दृष्टि वा प्रतीतिसम्बन्धी बाधा छ।

(ख) व्याकरणमूलक बाधा वा अयोग्यताः वाक्य यदि अर्थका दृष्टिले ठीक र व्याकरणका दृष्टिले अशुद्ध भए त्यसलाई वाक्य मान्न सकिँदैन। लिङ्ग, विभक्ति, वचन, विशेषण आदिमा व्याकरणिक अन्विति वा

एकरूपता हुनुपर्दछ । निम्नलिखित वाक्य व्याकरणको दृष्टिले अयोग्य छन् १. शर्मीला आउँछ । २. कल्पना आयो । ३. अञ्जना सुन्दरी पुस्तक पढ्छे । ४. सम्झना डरायो । यी वाक्यमा व्याकरणिक त्रुटि छन् ।

२.३ **आसक्तिः**

आसक्तिको अर्थ समीपता हो । यसलाई सन्निधि पनि भनिन्छ। वाक्यमा प्रयुक्त पद लगातार वा क्रमबद्ध रूपमा उच्चरित हुन समीपताको अभिप्राय हो । बीचमा आवश्यकताभन्दा बढी समय दिनाले पदको क्रम टुट्छ र त्यो वाक्य हुँदैन । मैले भाषाविज्ञानको पुस्तक लेखेको छु' मा मैले भाषा आज भन्यो त्यसको भोलिपल्ट वा एक दुई घण्टापछि विज्ञानको त्यसको केही समयपछि पुस्तक लेखेको छु भनेर समयको अधिक व्यवधान हुनासाथ यो वाक्य पनि बन्दैन र यसबाट कुनै अर्थ पनि निस्कँदैन, उसका लागि समयको सान्निध्य वा समीपता अनिवार्य छ। यसबाट वाक्य क्रमबद्ध हुन सकोस् ।

यस प्रकार विश्वनाथले आकाङ्क्षा, योग्यता र आसत्तिले युक्त पदको समूहलाई महावाक्य नाम दिइएका छन् । यसै प्रकार उक्त गुणले युक्त वाक्यका समूहलाई महावाक्य नाम दिइएको छ। सबै काव्य, महाकाव्य, उपन्यास आदि ग्रन्थलाई महावाक्य भन्न सकिन्छ। केही विद्वान्हरू आकांक्षा, योग्यता र आसक्तिका अतिरिक्त दुई अन्य तत्त्वको पनि उल्लेख गर्दछन् सार्थकता र अन्विति, बस्तुत यी दुवै तत्त्व योग्यतामा नै आइसकेका छन् (द्विवेदी, सन् १९९४,पृ. ३२३) ।

२.४ **सार्थकताः**

वाक्यमा प्रयुक्त पद सार्थक हुनुपर्छ । पद तब वाक्य बन्छन् जब सार्थक हुन्छन् । योग्यताबाट पदको सार्थकता आवश्यक छ। सार्थक पद नै अर्थ प्रतीतिको योग्यता राख्दछन् । अतः सार्थकताको पृथक् उल्लेख आवश्यक छैन (द्विवेदी, सन् १९९४,पृ.३२३) ।

२.५ **अन्विति** :

अन्वितिको अर्थ हो व्याकरणका दृष्टिले एक रूपता। लिङ्ग, वचन, विशेषण, विभक्ति आदि समरूप हुनु । लिङ्ग भेद, बचन भेद आदिले व्याकरणसम्बन्धी अनुरूपता विच्छिन्न हुन्छन् । अतः अन्वितिको आवश्यकता छ। माथि योग्यतामा व्याकरणमूलक बाधाको अभाव पनि अनिवार्य बताइएको छ। त्यसैले अन्विति वा अन्वयलाई पृथक् मान्नु आवश्यक छैन (द्विवेदी, सन् १९९४,पृ. ३२३) ।

३. **वाक्यमा पदविभ्यासका आवश्यक गुण** :

संस्कृत आचार्यहरूले वाक्यमा योग्यता, आकाङ्क्षा र आसक्ति हुन अनिवार्य बताएका छन् । त्यस्तै पाश्चात्य भाषाशास्त्रीहरूले वाक्यमा पदविन्याससम्बन्धी चार विशेषताहरूको उल्लेख गरेका छन् । यसलाई Features of Arrangement पनि भनिन्छ। यी हुन् १. चयन २. क्रम ३. ध्वनि परिवर्तन र ४. स्वरपरिवर्तन ।

३.१ **चयन (Selection)** :

चयनको अर्थ हो वाक्यमा प्रयुक्त हुने उपयुक्त पदको चयन, चयन दुई प्रकारको हुन्छ। (क) अर्थको दृष्टिले (ख) रूपका दृष्टिले ।

(क) अर्थका दृष्टिबाट चयन :

भाव र भाषाका दृष्टिले कुन वाक्यमा कुन चाहिँ शब्द वा पद अत्यन्त उपयुक्त हुन्छ, त्यसलाई नै प्रयोग गर्नुपर्दछ। यो आर्थिक चयन हो । आर्थिक चयन मनौवैज्ञानिक प्रक्रिया हो कुन भावका लागि कुन शब्द उपयुक्त हुन्छ र कुन प्रयोग हुनु पर्छ यो बौद्धिक प्रक्रियामा आउँछ। उपयुक्त शब्दको प्रयोग होओस् भन्ने वक्ताको कामना हुन्छ। उसले पर्यायवाची शब्दबाट अत्यन्त उपयुक्त शब्दको प्रयोग गर्दछ। जस्तैः स्त्रीवाचक शब्दमा युवती, नारी, रमणी, वामा, अबला, महिला आदि शब्द छन् । युवतीमा योवन छ, नारीमा नरको सङ्गिनी भाव छ, रमणीमा रमणत्व वा रति, कामिनीमा काम भावना, वामामा वक्रता, अबलामा असहायत्व मुख्य छन्, 'अबलाको सौन्दर्य दर्शनी छ' यो वाक्य असङ्गत एवं अनुपयुक्त छ किनकि दर्शनीय सौन्दर्यका लागि युवती, तरुणी या कामिनी शब्द उपयुक्त छन् । यसै प्रकार सूक्ष्मतापूर्वक चयन गर्नु अर्थ पक्ष हो ।

### ३.२ क्रम (Order)

क्रमको अभिप्राय भाषामा प्रयुक्त वाक्यका पदहरूलाई कुनै क्रममा राख्नु हो । यसलाई पदक्रम भनिन्छ । सबै भाषाहरूमा पदक्रम एकै प्रकारको हुँदैन । संस्कृत, हिन्दी, नेपालीमा सामान्यतया पदक्रमको प्रकार कर्ता, कर्म र क्रिया छ । अङ्ग्रेजी, चिनिया आदि भाषामा पदक्रम कर्ता, क्रिया, कर्मको छ । जस्तै :

संस्कृत - रामः पुस्तक पठति ।

हिन्दी - राम पुस्तक पढा है ।

नेपाली - रामले पुस्तक पढ्छ ।

अङ्ग्रेजी **Ram reads the book.** संस्कृतमा पदक्रममा परिवर्तन हुन्छ, परन्तु यो सामान्यता नियम होइन, संस्कृतमा पदक्रममा परिवर्तन गर्दा विभक्तिका कारण कर्ता कर्ता नै नै रहन्छ र कर्म कर्म । जस्तै, रामः रावना हन्ति । हन्ति रावण रामः । यी उदाहरण मारिने रावण र मार्ने राम नै छ । संस्कृत, जर्मन, रूसी आदि श्लिष्ट योगात्मक भाषा विभक्तिहरू शब्दका साथ मिलिरहन् । शब्दको अर्थ निश्चित हुन्छ । अतः पदक्रम बदल्ना साथ अर्थमा भेद आउ ।

### ३.३ ध्वनि परिवर्तन (Modification)

वाक्यमा दुई ध्वनि समीप आउना साथ तिमा केही ध्वनि परिवर्तन हुन्छ, यो सन्धि भनिन्छ । उदाहरणः जगत+ईश जगदीश, अच्च+अन्त अजन्त, पुनः+ जन्म-पुनर्जन्म, मनम् + रथ मनोरथ । यस प्रकार महात्मा, महोदय, अध्यात्म आदिमा ध्वनि परिवर्तन छ । बोलचालमा पनि ध्वनि परिवर्तनका धेरै उदाहरण पाइन । लेख्दा एउटा र बोल्दा अर्को हुन्छ । पण्डितजी पण्डिज्जी, शिवदेव सुदेव आदि ।

### ३.८ स्वर परिवर्तन (Modulation)

वाक्यमा बलाधात आदिका कारण स्वरमा कहीं आरोह र कहीं अवरोह हुन्छ । जुन ध्वनिमा बल दिइन्छ, त्यो उदात्त हुन्छ । त्यसलाई उच्च आवाज (आरोह) का साथ बोलिन्छ, जसमा बल दिइँदैन त्यो मध्यम ध्वनिमा बोलिन्छ । स्वर ध्वनिबाट नै नगर र नगरका अर्थमा अन्तर आउँछ (पौड्याल, २०६१ , पृ. ३३१) ।

### ४. वाक्य र पदक्रम

#### ४.१ वाक्यमा पदक्रम –

विश्वका अधिकांश भाषाहरूमा वाक्यमा पदक्रम निश्चित छन् । त्यसै क्रमले त्यस भाषामा वाक्यको प्रयोग हुन्छ । पदक्रममा दृष्टिबाट भाषालाई दुई वर्गमा बाँड्न सकिन्छ : (क) परिवर्तननीय पदक्रम (ख) अपरिवर्तनीय पदक्रम (द्विवेदी, सन् १९९४, पृ. ३२५) ।

(क) परिवर्तनीय पदक्रम :

परिवर्तनीय भाषाहरू यी हुन् जसमा वक्ताको इच्छाअनुसार पदक्रममा परिवर्तन गर्न सकिन्छ । यी भाषाहरू संस्कृत, ग्रीक, ल्याटिन, अरबी, फारसी आदि हुन् । यिनमा शब्दमा विभक्तिहरू लागेका हुन्छन् । त्यसैले स्थान बदल्नासाथ कर्ता आदिको भेद ज्ञात हुन्छ र अर्थमा कुनै अन्तर पर्दैन, जस्तै : माथिका उदाहरण रामः रावणं हन्ति ।

(ख) अपरिवर्तनीय पदक्रमः

अपरिवर्तनीय पदक्रमवाला भाषाहरू यी हुन् जसमा पदक्रम परिवतर्न गर्न सकिदैन जस्तै चिनिया भाषा । चिनिया भाषामा पदक्रम छ कर्ता, क्रिया, कर्म (ताङ्-पिट्नु) वाङ् ताङ चाङ (बाङले चाङलाई पिट्छ ।)

अङ्ग्रेजीमा प्रश्नवाचक शब्द (Why, When) वाक्यको अगाडि आउँछ । परन्तु चिनिया भाषामा वाक्यका अन्त्यमा आउँछ जस्तै : वाङ, श्येन, शेङ् त्याई, ज्या मा, के श्री वाङ्, घरमै हुनुहुन्छ ? (श्येन, शेङ् श्री (श्रीमान्) त्सार्य-मा, ज्या-घर मा-के) हिन्दी, अङ्ग्रेजी आदि भाषामा पनि सामान्यतया पदक्रम अपरिवर्तनीय छ ।

#### ४.२ वाक्यमा स्वराघात –

वाक्यमा सङ्गीतात्मक र बलात्मक गरी दुई प्रकारका स्वराघात प्राप्त हुन्छन् । सीतात्मक स्वराघातबाट आश्चर्य, शङ्का, निराशा आदिको भाव व्यक्त हुन्छ । जस्तै उनी गएका अनेक अर्थ हुन्छ । स्वराघात वाक्यमा सुरका रूपमा हुन्छ । कुनै पदविशेषमा बल दिनासाथ बलात्मक स्वराघात (Stress Accent) हुन्छ । जस्तै, 'म अहिले आउँला' मा जुन पदमा वल दिइन्छ त्यसको अर्थ मुख्य हुन्छ ।

**४.३ वाक्यमा पद लोपः**

प्रयोग र व्यवहारका आधारमा वाक्यमा संक्षेपका लागि पदको लोप गरिन्छ। यस्ता स्थानमा क्रियाको लोप हुन्छ। त्यसलाई अध्याहार (स्मरण) गरे पूर्ण अर्थको ज्ञान हुन्छ। जस्तै कता? पोखरा। के : भाषाविज्ञानको किताब (आदि)। यसै प्रकार कर्ता, क्रिया आदिले हीन वाक्यमा यथायोग्य कर्ता, क्रिया आदिको अध्याहार गर्न सकिन्छ।

५. **वाक्य पदक्रम तथ्य** :

वाक्य अथवा पदक्रमका सम्बन्धमा विचार गर्दाका समयमा निम्नलिखित तथ्यमा ज्ञान दिनु पर्दछ।

(क) भाषा यदि दीर्घकालदेखि चलिआएको भए त्यसको वाक्य रचना दुई विभिन्न कालमा भिन्न हुन सक्छ।

(ख) वाक्य रचनामा अन्य भाषाको पनि प्रभाव पर्दछ। आधुनिक बोलचालको हिन्दीमा अङ्ग्रेजी वाक्य रचनाको प्रभाव दृष्टिगोचर हुन्छ। जस्तैः 'उसने कहा कि मैं प्रयाग नहीं जाउँगा' का स्थानमा 'उसले कहा कि वह प्रयाग नहीं जाएगा' यस्तो प्रभाव नेपालीमा पनि पाइन्छ। उसले भन्यो 'म प्रयाग जान्नँ' उसले भन्यो कि ऊ प्रयाग जाँदैन।

(ग) शिक्षाका प्रभावका कारण शिक्षितद्वारा प्रयुक्त भाषामा केही कृत्रिमता रहन्छ। अतः शिक्षितका अपेक्षा अशिक्षितको भाषामा प्रयुक्त पदक्रम अधिक मान्य एवं विश्वसनीय हुन्छ।

(घ) पदक्रमको विशिष्ट अध्ययनको लागि पद्यात्मक काव्य आदिका अपेक्षा गद्यभाषा बढी उपयोगी हुन्छ।

(ङ) पदक्रमको ज्ञानार्थ अनुवाद आदिको अपेक्षा मूल पाठ बढी उपयुक्त हुन्छ।

(च) पदक्रम अध्ययनका लागि अलङ्कृत काव्यात्मक भाषाका अपेक्षा बरु सरल, सुबोध भाषा अधिक उपयुक्त हुन्छ।

(छ) पदक्रम अध्ययनका लागि लिखित भाषाका अपेक्षा उच्चरित भाषाको बढी महत्त्व छ। उच्चरित भाषामा भाषाको स्वाभाविक रूपको साक्षात्कार हुन्छ (द्विवेदी, सन् २००९, पृ.३२६-३२७)।

६. **अन्तः केन्द्रिक र बहिष्केन्द्रिक रचना** : वाक्य रचनाका दृष्टिले सबै रचनाहरूलाई दुई भागमा बाँड्न सकिन्छ :-

१. अन्तःकेन्द्रिक २. बहिष्केन्द्रिक रचना

६.१ **अन्तराष्ट्रिय केन्द्र रचनाः**

अन्तः केन्द्रिक अङ्ग्रेजीको ६.१ अन्तराष्ट्रिय केन्द्र रचनाः

अन्तः केन्द्रिक अङ्ग्रेजीको भ्लमयअभलतचष्अ को समानार्थक शब्द हो। भित्र केन्द्र भएको रचनालाई अन्तःकेन्द्रिक रचना भनिन्छ। यसलाई अन्तर्मुखी रचना पनि भन्न सकिन्छ। यदि रचनाको पदसमूह (वाक्यखण्ड) त्यत्ति नै काम गर्दछ जति त्यसको एक वा अनेक निकटतम अवयवले गर्दा त्यसलाई अन्तःकेन्द्रिक वाक्यांश भनिन्छ। यसमा मुख्य रूपले विशेषण-विशेष्य सम्बन्ध हुन्छ। यसमा एक वा अनेक विशेष्य हुन्छन् र शुद्ध दूध, स्वादिष्ट भोजन, सज्जन व्यक्तिमा एउटा विशेषण र एउटा विशेष्य छन्। अत्यन्त सुन्दर फूल, पूर्ण शुद्ध दूध, अत्याधिक स्वादिष्ट भोजन, अतिसज्जन व्यक्तिमा एउटा विशेष्य र दुई-दुई विशेषण छन्। 'धनुर्धर राम र पशुंधर राम' वाक्याशंमा दुईवटा विशेष्य छन्। यस प्रकार अन्तःकेन्द्रिक रचनाका अनेक भेद हुन्छन्। जस्तै :

(१) विशेषण + संज्ञा = शुद्ध दूध, कालो कलम, सेतो माटो।

(२) क्रियाविशेषण + विशेषण = बहुत स्वच्छ, बहुत कुटिल।

(३) क्रियाविशेष + क्रिया शीघ्र आयो, तुरुन्त गयो।

(४) संज्ञा + विशेषण उपवाक्य = मनुष्य, जो कर्मठ छ, बगैंचा जुन सौरभयुक्त छ।

(५) सर्वनाम + विशेषण उपवाक्य त्यो, जो आज आयो। तिमी, जुन मेरा मित्र हौ।

(६) सर्वमान + विशेष उपवाक्य ऽ= Those at home, those on the ship।

(७) क्रिया + क्रियाविशेषण = पुग्छौ जहाँ जहाज दुर्घटना भएको थियो। गयौं, जहाँ समान पाइन्छन्। हुन्छ, त्यसै गरौला।

(८) संज्ञा + सर्वनाम + संज्ञा राम र बलराम, कृष्ण र राधा (तिवारी : १९९२ : २१७-२१८)।

**६.२ बहिष्केन्द्रिक रचना**

बहिष्केन्द्रिक अङ्ग्रेजीको Exocentric को समानार्थी शब्द हो। बाहिर केन्द्र हुने रचनालाई बहिष्केन्द्रिक रचना भनिन्छ। यसलाई बहिर्मुखी रचना पनि भन्न सकिन्छ। यदि रचनाका वाक्यांशले आफ्नो निकटतम अवयवका अनुरूप कार्य नगरे त्यसलाई बहिष्केन्द्रिक वाक्यांश भनिन्छ र त्यस रचनालाई बहिष्केन्द्रिक भनिन्छ। यो रचना अन्तःकेन्द्रिकको विपरीत हुन्छ। दुवै रचनामा यस प्रकार अन्तर पाइन्छ। (क) अन्तः केन्द्रिक रचनामा एउटा मुख्य र एउटा विशेषण हुन्छ, अथवा दुई वा सोभन्दा बढी समवर्गीय शब्द मुख्य हुन्छन् र त्यसको विशेषण हुन सक्छ।

(क) बहिष्केन्द्रिक रचना न विशेष हुन्छ न विशेष नै हुन्छ।

(ख) बहिष्केन्द्रित रचनामा कुनै एउटा शब्द वा वाक्यांश पूरै रचनाको स्थानमा आउन सक्दैन। जस्तैः शुद्ध दूधमा, हातले भाइका लागि, घरमाथि यी शब्दमा संज्ञा शब्दले विभक्ति चिह्न (मा, ले, का, का लागि, माथि) को स्थान लिन सक्दैनन्। न विभक्ति चिह्नले संज्ञा शब्दको स्थान लिन्छन्। विभक्ति आदि चिह्नका कारण यी रचना बहिष्केन्द्रिक हुन्। विभक्ति चिह्न संज्ञामा आश्रित हुँदैनन्। दुवै स्वतन्त्र र निरपेक्ष हुन्छन्। यस्तो स्थानमा केन्द्र, बहिर्मुखी वा बाहिर हुन्छ। यसै प्रकार ऊ आयो, तिनीहरू गए, उसले पुस्तक पढ्यो आदि वाक्य कर्ता क्रियात्मक वा उद्देश्य विधेयमूलक छन्, यी पनि बहिष्केन्द्रिक नै हुन् किनकि यिनमा उद्देश्यले विधेयको स्थान लिन सक्दैन न विधेयले उद्देश्यको ठाउँ नै लिन्छ।

बहिष्केन्द्रिक रचनामा संज्ञा विभक्ति चिल्न वा निपात हुन्छ। हातले, कोठामा, खोलापारि आदि। यी पदमा संज्ञा शब्द आदि विशेषकका रूपमा आउँछन्। हातले काम गर, कोठामा बसेर पढ, खोलापारि गाउँ छ। यिनमा हातले कोठामा आदि वाक्यांश काम, बसेर आदिका विशेषक (Attribute) का रूपमा आएका छन् (द्विवेदी ,सन् २००९,पृ. ३३०)।

(७) **आकृतिमूलक भेद** :

विश्वका भाषाहरूलाई आकृतिमूलक (Morphological) भेद गरिएको छ। प्रकृति वा प्रत्यय वा अर्थतत्त्व र सम्बन्ध तत्त्व कसरी मिलेको छ। यस आधारमा वाक्य पनि चार प्रकारका छन्।

१. अयोग वाक्यात्मक
२. श्लिष्ट योगात्मक वाक्य
३. अश्लिष्ट योगात्मक वाक्य
४. प्रश्नलिष्ट योगात्मक वाक्य

**७.१ अयोगात्मक वाक्य** :-

अयोगको अर्थ प्रकृक्ति र प्रत्यय अथवा अर्थतत्त्व र सम्बन्ध तत्त्व नजोडिएको हुन्छ। अयोगात्मक भाषाहरूमा प्रकृति र प्रत्यय अलग-अलग रहन्छन्। यिनमा विभक्ति प्रत्यय आदि स्वतन्त्र हुन्छन्। चिनिया भाषा अयोगात्मक भाषा हो। यसका पदक्रम निश्चित छन्। कर्ता, क्रिया, कर्म, विशेषण कर्ताको अगाडि आउँछ। जस्तै

१. ता जेन (ठूलो मानिस)
   जेन ता (मानिस ठूलो छ)
२. वो तानी (मैले तँलाई कुट्छु)
   नी ता वो (तैले मलाई पिट्स)

**७.२ श्लिष्ट योगात्मक वाक्य** :-

यस्ता वाक्यमा प्रकृति-प्रत्यय श्लिष्ट रूपमा मिलेका हुन्छन्। यिनमा प्रकृति र प्रत्ययलाई अगल-अलग गर्न कठिन हुन्छ। भारोपेली परिवारका प्राचीन भाषाहरू संस्कृत, ग्रीक, ल्याटिन, अवेस्ता आदि श्लिष्ट योगात्मक भाषा हुन्।

संस्कृतको उदाहरण

वृक्षात् पत्रम अपवत् (रुखबाट पात खस्यो।)

अहं गुरुं द्रष्टुम अगच्छम् (म गुरुको दर्शन गर्न गएँ)

(ग) अष्लिष्ट योगात्मक वाक्यः

यस्तो वास्यमा प्रकृति र प्रत्यय अथवा अर्थतत्व र सम्बन्ध तत्त्व अश्लिष्ट ढङ्गले मिलेको हुन्छ। प्रकृति र प्रत्यय जोडिएको भए पनि तिल-तण्डुलवत् अलग-अलग देखिन्छन् । तुर्की भाषामा यसको राम्रो उदाहरण पाइन्छ। जस्तैः एल्-इम्-डे-कि मेरो हातमा छ, एल, इम्-मेरो, डे-मा किन्छ।

(घ) प्रश्नलिष्ट योगात्मक वाक्यः

यस्तो वाक्यमा प्रकृति र प्रत्यय यति धेरै मिलेका हुन्छन् कि पदत्वलाई पृथक् गर्न कठिन हुन्छ। पूरा वाक्य एक शब्दजस्तो हुन्छ। यस्तो उदाहरण दक्षिण अमेरिकाको चेरिको भाषा, पेरिनिडा पर्वतको पश्चिमी भागमा बोलिने बास्क आदि भाषामा पाइन्छ।

चेरिकोः नाधोलिनिन (हाम्रो नजिक नाउ ल्याओ)

बास्क : हकारत (म तँलाई लैजान्छु)

हिन्दी आदिको बोलचालको भाषामा पनि यसको उदाहरण पाइन्छन् ।

भोजपुरी : सनुको हलिहं (मैले सुनेको छु।)

(२) रचनामूलक भेद :

वाक्यको रचना वा गठनका आधारमा वाक्यका तीन भेद हुनछन् ।

(अ) सामान्य/सरल वाक्य (Simple sentence)

(आ) संयुक्त वाक्य (Compound sentence)

(इ) मिश्र वाक्य (Complex sentence)

(अ) सामान्य/सरल वाक्यः

सरल संरचना भएको वाक्य सरल वाक्य हो। यसमा एकभन्दा बढी असमापिका क्रिया भए पनि एउटा मात्र समापिका क्रिया हुन्छ। त्यसैले वाक्यात्मक संरचनामा एउटामा समापिका क्रिया भएको स्वतन्त्र वाक्यलाई सरल वाक्य भनिन्छ। एउटा पूर्ण सरल वाकयका एउटा उद्देश्य र एउटा विधेय गरी दुईवटा संरचक तत्त्व (अवयव) हुन्छन् । संरचक तत्त्वका आधारमा सरल वाक्यलाई एउटा मात्र, उद्देश्य र एउटा मात्र विधेय मिलेर बन्ने वाक्यका रूपमा लिइन्छ। संरचनात्मक दृष्टिले सरल वाक्यका आधारभूत र विस्तारित गरी दुई भेद हुनछन्। एउटा आधारभूत सरल वाक्य अकर्मक क्रिया भएमा दुईवटा पद (कर्ता+क्रिया) वाट संरचित हुन्छ भने सकर्मक क्रिया भएमा तीनवटा पद (कर्ता+ कर्म + क्रिया) बाट संरचित हुन्त तर विस्तारित सरल वाक्यमा भने यति नै पदहरू रहेका हुन्छन् भनेर भन्न सकिन्न (शर्मा, २०६५, पृ.११७) ।

आधारभूत सरल वाक्य : गणेश डरायो ।

बाँदरले आँप खायो ।

विस्तारित सरल वाक्य : हरियो सानो भाइ कृष्णले काँचो आँप खायो ।

सरल वाक्यमा एउटा उद्देश्य र एउटा विधेय गरी दुई खण्ड रहेका हुन्छन्। यसलाई सरल वाक्यका संरचक तत्त्व वा संरचक अवयव पनि भनिन्छ। उद्देश्य र विधेयको चर्चा तल गरिएको छ।

(क) उद्देश्य र उद्देश्य विस्तार

सरल वाक्यमा कार्य सम्पादन गर्ने कर्ता नै उद्देश्य हो। यो सरल वाक्यको अनिवार्य संरचक घटक हो। उद्देश्य (कर्ता) का रूपमा नाम वा नामस्थानिक पदहरू आउँछन् । जस्तै :

राम हाँस्दै आयो।

ऊ भाग्यो।

उद्देश्य खण्डलाई फैलाउने कार्यलाई उद्देश्य विस्ता भनिन्छ र विस्तार गर्न आउने पदलई उद्देश्य विस्तारक भनिन्छ। त्यसरी कर्तासँग सम्बद्ध रहेर उद्देश्यखण्डलाई विस्तार गर्ने भेदक, विशेषण आदि पद आएका हुन्छन्। उद्देश्य र उद्देश्य विस्तारक पदहरू मिलेर उद्देश्य खण्डको निर्माण भएको हुन्छ (पराजुली, २०५०, पृ.१९८) ।

उद्देश्य खण्ड

| उद्देश्य विस्तारक | उद्देश्य खण्ड | विधेय खण्ड |
|---|---|---|
| | भाइ | गयो। |
| हरिको सानो भाइ | कृष्ण | गयो। |

(ख) विधेय र विधेयविस्तार

कर्ताले सम्पन्न गरेको कार्यव्यापार बुझाउने क्रियापदलाई विधेय भनिन्छ। यो सरल वाक्यको अनिवार्य संरचक घटक हो। विधेयका रूपमा सकर्मक, अकर्मक, द्विकर्मक आदि समापिका क्रिया आएका हुन्छन्। जस्तै :

म गएँ। (अकर्मक)

हरिले भात खायो (सकर्मक)

रामले भाइलाई पुस्तक दियो (द्विकर्मक)

विधेयलाई विस्तार गर्ने वा फैलाउने कार्यलाई विधेयविस्तार भनिन्छ र विस्तार गर्न आउने पदलाई विधेयविस्तारक भनिन्छ। विधेयविस्तार गर्न कर्म, पूरक, क्रियाविशेषण आदि पदहरू आएका हुन्छन्। तिनै विधेयविस्तारक (कर्म, पूरक, क्रियाविशेषण आदि) र विधेय (क्रिया) मिलेर सरल वाक्यको विधेयखण्डको निर्माण भएको हुन्छ। जस्तै :

| उद्देश्य खण्ड | विधेयखण्ड |
|---|---|
| उद्देश्य विस्तारक उद्देश्य | विधेय विस्तारक विधेय |
| तल्लाघरे साईलाकी सानी बहिनी सीताले | काँचो सुपारे आँप कपप खाई। |

सरल वाक्यको प्रकारः

(१) अकर्मकीय सरल वाक्यः

अकर्मकीय सरल वाक्यको संरचना कर्ता क्रियाबाट मात्र बन्छ। कर्म नभएको वाक्य अकर्मकीय सरल वाक्य हो। यो अकर्मक क्रियाबाट मात्र बन्छ। जस्तैः पाट खस्यो। भाइ लड्यो।

(२) एककर्मकीय सरल वाक्यः

एककर्मकीय सरल वाक्यको संरचना कर्ता कर्म क्रियाबाट हुन्छ। चराले आँप खायो। मैले पुस्तक किनें।

(३) द्विकर्मक सरल वाक्यः

द्विकर्मकीय सरल वाक्यको संरचना-उद्देश्य + अप्रत्यक्ष कर्म + प्रत्यक्ष कर्म + क्रियाबाट बन्छ। म भाइलाई किताब दिन्छु। भक्तले देवतालाई फूल चढाउँछ।

(४) कर्तृपुरकीय सरल वाक्यः

कर्तुपूरकीय वाक्यः कर्तृपुरकीय सरल वाकयको संरचना-कर्ता+पूरक+क्रियाबाट बन्छ। ऊ चलाक छ। बहिनी शिक्षा हो।

(५) कर्मपूरकीय सरल वाक्यः

कर्मपूरकीय सरल वाक्यको संरचना कर्ता कर्म पूरक क्रियाबाट बन्छ। प्रशिक्षकले हामीलाई खेलाडी बनायो। प्रतिनिधि सभाले तारानाथलाई सभामुख चुन्यो।

(आ) संयुक्त वाक्य

दुई वा दुई भन्दा बढी परस्पर समान र स्वाधीन (स्वतन्त्र) सरल वाक्य मिलेर बनेको बाक्यलाई संयुक्त वाक्य भनिन्छ। त्यस्ता समान र स्वतन्त्र वाकयहरू संयुक्त वाक्यमा संयोजित भएपछि तिनीहरू संयोजित वाक्यका वाक्यखण्ड (उपवाक्य) बन्दछन्। संयुक्त वाक्यका संरचकका रूपमा रहेका वाक्यखण्डहरू निरपेक्ष संयोजक (र, तर, वा, कि, किन्तु, परन्तु, तापनि, पनि-पनि आदि) द्वारा जोडिएका हुन्छन्। संयुक्त वाक्यका निम्नानुसार भेद हुन्छन्। शर्मा २०६५ः ११९)

(क) समुच्चयवादक
(ख) विकल्प बोधक
(ग) कारणबोधक
(घ) क्रमबोधक
(ङ) शीघ्रताबोधक
(च) परिणामबोधक
(छ) विपरीतबोधक

(क) समुच्यबोधक संयुक्त वाक्य :

सबै वाक्यखण्डको कार्यव्यापार एकसाथ भएको अर्थ दिने वाक्यलाई समुच्चयबोधक संयुक्त वाक्य भनिन्छ। यस्तो वाक्यमा पनि-पनि, र आदि निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन्। जस्तै :
तिमो लेखाइ राम्रो पनि हुनुपर्दछ शुद्ध पनि हुनुपर्दछ।
उसको काम राम्रो हुनुपर्दछ र छिटो पनि हुनुपर्दछ।

(ख) विकल्प बोधक संयुक्त वाक्य :

संयुक्त वाक्यभित्रका वाक्य खण्डका कार्यहरूमध्ये यो हुने वा त्यो हुने भन्ने वैकल्पिक स्थिति जनाएमा विकल्पबोधक संयुक्त वाक्य हुन्छ। यस्तो संयुक्त वाक्यमा कि-कि, चाहे चाहे आदि निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन्। जस्तै :
उसले रामलाई गराउँछ वा आफै गर्छ।
तिमी पढ्न जान्छौ अथवा खेल्न जान्छौ।

(ग) कारणबोधक संयुक्त वाक्य :

वाक्यभित्रका दुई वाक्यखण्डहरूमध्ये एक कारण र अर्को कार्यका रूपमा आएका कारणबोधक संयुक्त वाक्य हुन्छ। दुई वाक्यखण्डहरूलाई जोड्न र अनि आदि निरपेक्ष संयोजक भएका हुन्छन्। जस्तैः उसले बोलायो अनि म आएँ।

(घ) क्रमबोधक संयुक्त वाक्य :

उनले उत्कृष्ट कविता लेखे र पुरस्कार पाए।

वाक्यभित्रका दुई वाक्यखण्ड (उपवाक्य) एकपछि अर्को क्रमिक कार्यव्यापार बुझाउने गरी संयोजित भएमा क्रमबोधक संयुक्त वाक्य हुन्छ। यस्तो संयुक्त वाक्यका वाक्य खण्डलाई जोड्ने कार्य र अनि जस्ता निरपेक्ष संयोजकले गरेका हुन्छन्।
जस्तैः उनीहरू बालाजु गए र पौडी खेले।
उसले पढ्यो अनि लेख्यो।

(ङ) शीघ्रताबोधक संयुक्त वाक्यः

संयोजित दुई वाक्यखण्डका कार्य एकपछि तुरुन्तै अर्को सँगसँगै जस्तो गरी सम्पन्न भएमा शीघ्रताबोधक वाक्य हुन्छ। यस्तो संयुक्त वाक्यभित्रका वाक्यलाई जोड्न कि निरपेक्ष संयोजक प्रयोग भएको हुन्छ। जस्तै :
बादल गर्थ्यो कि पानी परिहाल्यो।
तं सुतिस कि निदाइहालिस।

(च) परिणामबोधक संयुक्त वाक्य :

दुई वाक्य खण्डमध्ये एउटा वाक्यखण्डद्वारा व्यक्त कार्यको परिणाम अर्को वाक्यखण्डले व्यक्त गर्ने गरी संयोजित भएमा परिणामबोधक संयुक्त वाक्य हुन्छ। यस्तो संयुक्त वाक्यमा तर, पनि, तापनि, नत्र र पनि आदि संयोजक प्रयोग भएका हुन्छन्। जस्तै :
उसले मेहनत गर्छ तापनि प्रथम हुन सक्दैन।
मैले उसलाई धेरै पटक सिकाइसकें र पनि राम्रो उत्तर दिन सक्दैन।

(इ) मिश्रवाक्य

एउटा प्रधान वा मुख्य उपवाक्य र एक वा एकाधिक अधीन वा आश्रित उपवाक्य मिलेर बनेको जटिल वाक्यलाई मिश्र वाक्य भनिन्छ। मिश्र वाक्यको वाक्यात्मक संरचनामा संरचक घटकका रूपमा रहने प्रधान उपवाक्य र अधीन उपवाक्यलाई जोड्न आउने संयोजकलाई सापेक्ष, संयोजक भनिन्छ। मिश्र वाक्यमा अनि केही अधीन उपवाक्यले प्रधान उपवाक्यको कर्ता, कर्म, पूरक भई कार्य गरेको देखिन्छ भने केही अधीन उपवाक्यले प्रधान उपवाक्यका कर्ता, कर्म आदिको विशेषता वताउँछन् र केहीले प्रधान उपवाक्यको क्रियाको समय, स्थान, रीति आदि बुझाउने कार्य गरेका हुन्छन्। त्यसैले वाक्यभित्र गर्ने कार्यका आधारमा अधनि उपवाक्यलाई नाम, विशेषण र अव्यय गरी तीन भेदमा विभाजन गरिन्छ (गोपाल र पाठक : (१) २८९)।
महेशले म गोरखा जान्छु भन्यो। (कर्मका रूपमा प्रयोग भएको नाम उपवाक्य)

मैले यस्तो मान्छे देखे जसका आँखा निकै साना थिए। (मुख्य उपवाक्यको कर्मको विशेषणका रूपमा आएको विशेषण उपवाक्य)

जब परीक्षा आउँछ तब विद्यार्थी पढ्न थाल्छन् । (मुख्य उपवाक्यको क्रियाको समयबोधक अव्यय उपवाक्य)

(क) नाम उपवाक्यः

मुख्य उपवाक्यको कर्ता, कर्म वा पूरक भई नामसरह काम गर्ने मिश्रवाक्यको अधीन उपवाक्यलाई नाम उपवाक्य भनिन्छ। नाम पद सरह कार्य गर्ने नाम उपवाक्य र प्रधान उपवाक्य खण्डलाई के भने, भनी, भनेर, भन्ने आदि सापेक्ष संयोजकले जोडेर मिश्रवाक्यको निर्माण भएको हुन्छ। जस्तै :

ऊ पढेको छैन, निश्चित छ। (कर्तास्थानिक नाम उपवाक्य)

अधीन उपवाक्य मुख्य उपवाक्य

समयमै काम सक्नुपर्छ भन्ने विचार राम्रो हो । (कर्तास्थानिक नाम उपवाक्य)

अधीन उपवाक्य मुख्य उपवाक्य

उसले म साहित्यशास्त्र र नेपाली समालोचना किन्छु भन्यो (कर्मस्थानिक नाम उपवाक्य।

अधीन उपवाक्य

रामले मेहनत गरे भविष्य उज्ज्वल हुन्छ भन्ने बुझ्यो (कर्मस्थानिक नाम उपवाक्य)

अधीन उपवाक्य

गुरुले विद्यार्थीहरूलाई तिमीहरू असल बन्नु पर्छ भन्नुभयो । (पूरकस्थानिक नाम उपवाक्य) अधीन उपवाक्य

उनीहरूले भाषाविज्ञान र प्रयोगिक भाषाविज्ञान निकै कठिन विषय हो भने। (पूरकस्थानिक नाम अधीन उपवाक्य उपवाक्य)

(ख) विशेष उपवाक्य

विशेषण उपवाक्यको प्रधान उपवाक्य भित्रका कर्ता, कर्म, पूरक आदि नामिकपदको विशेषता जाहेर गर्दछ। यसरी मुख्य वा प्रधान उपवाक्यका कर्ता, पूरक पदको विशेषता देखाउन विशेषण पदसरह सिरै उपवाक्य आउने हुनाले यसलाई विशेषण उपवाक्य भनिएको हो। विशेषण अधीन उपवाक्य र प्रधान उपवाक्यलाई जस्तो, त्यस्तो, जो जे आदि सापेक्ष संयोजकले जोडेर मिश्र वाक्यको निर्माण भएको हुन्छ। जस्तै :

त्यो व्यक्ति धेरै जान्दछ जो धेरै पढ्छ। (कर्ताको विशेषणका रूपमा आउको विशेषण उपवाक्य)

मुख्यवाक्य अधीनवाक्य

जसले राम्रो उत्तर लेख्छ उसले सफलता पाउँछ। (कर्ताको विशेषणका रूपमा आएको विशेषण उपवाक्य)

अधीन उपवाक्य मुख्य उपवाक्य

तिमीलाई जुन मनपर्छ त्यो उत्तर लेख। (कर्मको विशेषणका रूपमा आएको विशेषण उपवाक्य)

अधीन उपवाक्य मुख्य उपवाक्य

मैले त्यस्तो व्यक्तिलाई भेटें जसले आफूलाई महान् ठान्छ। (कर्मको विशेषणका रूपमा आएको विशेषण उपवाक्य)

मुख्य वाक्य अधीन वाक्य

मैले दयावीरलाई त्यस्तो परोपकारी ठानें जो विलकुलै निस्वार्थी छन् (पूरक विशेषणका रूपमा आएको विशेषण उपवाक्य)

मुख्य उपवाक्य अधीन उपवाक्य

अव्यय उपवाक्यः

अव्यय उपवाक्यले मुख्य उपवाक्यको क्रियायोगी वा क्रियाविशेषण सरह काम गर्छ। यस्तो उपवाक्यले मुख्य उपवाक्यको क्रियाको स्थान, समय, रीति, मात्रा आदि बताउँदै अव्यय सरह कार्य गर्ने हुनाले यस्तो उपवाक्यलाई अव्यय उपवाक्य भनिएको हो। अ व्यय अधीन उपवाकय र प्रधान वा मुख्य उपवाक्यलाई जहाँ-तहाँ, जहिले त्यहिले, जतिखेर त्यतिखेर, जब-तब, जति-त्यति, जसरी त्यसरी जस्ता सापेक्ष संयोजकले जोडेर मिश्र वाक्यको निर्माण गरिन्छ। (शर्मा र लुइटेल २०६० : १७५) तपाईलाई जहाँ मनपर्छ त्यहाँ बस्नुहोस् । (स्थानबोधक अव्यय उपवाक्य)

अधीन उपवाक्य मुख्य उपवाक्य

जहाँ विद्वान् हुन्छन् त्यहाँ ज्ञानगुनका कुरा हुन्छन् । स्थानबोधक अव्यय उपवाक्य)

अधीन उपवाक्य अधीन उपवाक्य

जब घाम लाग्यो तब आकाश उम्रियो । (समयबोधक अव्यय उपवाक्य)

अधीन उपवाक्य मुख्य उपवाक्य

जति पाउँछौ बीच किन (मात्राबोक अव्यय उपवाक्य)

अधीन उपावक्य मुख्य उपवाक्य

उसले जति दिन्छ त्यति ल्याऊ । (मात्राबोधक अव्यय उपवाक्य)

अधीन उपवाक्य मुख्य उपवाक्य

राम त्यसरी उफ्रियो जसरी कृष्णसागर उफ्रिन्छ । (रीतिबोधक अव्यय उपवाक्य)

मुख्य उपवाक्य अधीन उपवाक्य

उसले रीतालाई त्यसरी हेर्यो जसरी बाघले आफ्नो शत्रुलाई हेर्छ। (रीतिबोधक अव्यय उपवाक्य) ऊ दिनभरि रोइरह्यो किनभने उसको पेट दुखेको थियो। (कारणबोधक अव्यय उपवाक्य)

मुख्य उपवाक्य अधीन उपवाक्य

गरूहरू हामीभन्दा महान् हुनुहुन्छ किनभने हाम्रो भविष्य वहाँहरूको हातमा छ ।

मुख्य उपवाक्य अधीन उपवाक्य

अर्थ वा भावका आधारमा वाक्य :

अर्थ वा आधारमा वाक्य यस प्रकार छन् :

१. विधिवाक्य : यसले सामान्य अर्थ दिन्छ । जस्तैः शारदा घरमा छे ।
२. निषेध वाक्यः यसलाई नकारात्मक वाक्य पनि भनिन्छ। जस्तै शारदा घरमा बस्दिन ।
३. आज्ञा वाक्यः यसले आज्ञा, आदेश गरेको भाव बुझाउँछ । जस्तैः तिमी घर जाऊ । चूप लोगर बस ।
४. इच्छा वाक्य : यसले इच्छा, आकांक्षा प्रकट गरेको भाव बुझाउँछ । जस्तैः भगवान्ले तिम्रो कल्याण गरून् ।
५. विस्मय वाक्य : यसले आकस्मिक भाव, हर्ष, घृणा आदि बुझाउँछ । जस्तैः ओहो । त्यो मान्छे त लड्यो ।
६. सन्देह वाक्य : सन्देह प्रकट गर्ने वाक्य सन्देश वाक्य हो । जस्तै ऊ त्यहाँ आएको होला ।
७. प्रश्न वाक्य : प्रश्न गरेको भाव बुझाउने वाक्य प्रश्न वाक्य हो । जस्तै कस्तो लाग्यो त मेरो भाषाविज्ञानको किताब ?

वाक्यमा क्रियाको प्रमुखता रहन्छ । वाक्यमा क्रिया प्रत्यक्ष वा परोक्ष रूपमा रहेको हुन्छ । क्रिया हुने वा नहुने आधारमा वाक्य दुई प्रकारका हुन्छन् :-

(१) क्रियायुक्त वाक्य : क्रिया भएको वाक्य क्रियायुक्त हुन्छ । अधिकांश वाक्यहरू क्रियायुक्त नै हुन्छन् ।

(२) क्रियाविहीन वाक्यः क्रिया नभएको वाक्य क्रियाविहीन वाक्य हो । क्रियाविहीन वाक्य निम्न प्रकारका छन् :

(क) समाचार पत्रको शीर्षकः जेलर मृत्यु, आगलागी आदि ।

(ख) लोकोक्तिः घरको मुर्गा सागर बराबर, इन्द्रको अगाडि स्वर्गको बयान आदि ।

(ग) विज्ञापनः लौ आयो भाषाविज्ञानको पुस्तक ।

(घ) काव्य-भाषाः काव्यमा पनि क्रियाविहीन वाक्यको प्रयोग पाइन्छ ।

अग्र र पश्चका आधारमा पनि वाक्यलाई विभाजन गर्न सकिन्छ । यस्तो सम्बन्ध देखाउनका लागि प्रायः वाक्यको पश्च अर्को वाक्यको अग्र हुन्छ । रामले मेहेनत गरेको छ। यसले राम्रो अङ्क ल्याउँछ । राम्रो अङ्क ल्याएमा राम्रो जागिर पाउँछ ।

(३) अर्थमूलक भेदः अर्थ वा भाव का दृष्टिले वाक्यका प्रमुख ८ भेद छन् ।

(४) क्रियामूलक भेदः वाक्यमा क्रियाका आधारमा द्वि भेद हुनेछ (क) क्रियायुक्त वाक्य र (ख) क्रियाहीन वाक्य

(क) क्रियायुक्त वाक्यः

सामान्यतया सबै भाषामा एउटा बाक्यमा एउटा क्रिया हुन्छ । यो विधेयका रूपमा आउँछ । अधिकांश वाक्य यसै कोटिमा आउँछन् । जस्तै सः पुस्तक पठति (ऊ पुस्तक पढ्छ वाच्य (Voice) का आधारमा क्रियायुक्त

वाक्य तीन प्रकारका छन्ः

(१) कर्तृवाच्य (२) कर्मवाच्य र (३) भाववाच्य (१) कर्तृवाच्यमा कर्ता हुन्छ। कर्ता मा प्रथम विभक्ति। उदाहरण रामः पुस्तक पठति (राम पुस्तक पठण) (२) कर्मवाच्य वा कर्म मुख्य हुन् अतः कर्म प्रथमा हुन्छ र कर्मा तृतीया। उदाहरण माया पुस्तक पठ्यते (मद्वारा पुस्तक पठन) (३) भावच्यमा क्रिया मुख्य हुन्छ। कर्म प्रयास। कर्ता मा तृतीया प्रथम हुन्छ रमा सदा पुरुष एकवचन हुन्छ। उदाहरण माया हस्यते (मद्वारा हाँस्स)।

(ख) क्रियाहीन वाक्य :

प्रचलनका आधारमा कैयौं भाषाहरूमा क्रियाहीन वाक्यहरूको पनि प्रयोग गरिन्छ। यहाँ क्रियापद लुप्त रहन्छ।

**सन्दर्भ सूची**

तिवारी, भोलानाथ (सन् १९९२) भाषाविज्ञान, इलाहवाल : किताब महल।

द्विवेदी, कपिलदेव (सन् १९९४) भाषाविज्ञान तथा भाषाशास्त्र, चौथों से वाराणसी : विश्वविद्यालय प्रकाशन।

पतञ्जलि, महाभाष्य।

पाठक, 'वर' दार बहादुर र भार्गव, मनोहर गोपाल, भाषाविज्ञान, लखनऊः रेलवे क्रसिङ्क सीतापुर रोड।

पाण्डेय, कैलाशनाथ, भाषाविज्ञान का अनुशीलन, वाराणसीः वाराणसी प्रकाशन सीतापुर रोड।

विश्वनाथ दर्पण साहित्य शर्मा, मोहनराज र लुईटेल खगेन्द्रप्रसाद (२०६०) आधुनिक भाषाविज्ञान प्र.सं. राजधानी : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, राज (२००९) आधुनिक भाषाविज्ञान (आवृत्ति) वाणी प्रकाशन।

शर्मा, मोहनराज (२०६५) शब्द रचना र विन्यास, काठमाडौंः नवीन प्रकाशन।